# राष्ट्रिय कृषक समूह महासंघ नेपाल
## तेश्रो राष्ट्रिय महाधिबेशन २०८०
### ५ र ६, फाल्गुण २०८०
### काठमाण्डौ

देशैभरी छरिएर रहेका कृषि पेशामा संलग्न किसानहरुलाई संगठित गर्दै तत्कालिन कृषि विकास मन्त्रालय अन्तर्गतका निकायहरुमा दर्ता भएका कृषक समूह, पशुसेवा समूह र डिभिजन सहकारी कार्यालयमा दर्ता भएका कृषि एवं कृषि उत्पादक सहकारीहरु सदस्य रहने गरि सम्बन्धित विभाग एवं मन्त्रालय समेतको सिफारीसमा २०६८ सालमा यस महासंघ स्थापना भएको हो ।

साना, महिला, भूमिहीन, सिमान्त किसानहरुको पक्षमा पैरवी गर्ने मूल उदेश्य सहित गठन भएको यस महासंघको वडा, पालिका, जिल्ला, प्रदेश र संघ गरी ५ वटा संरचनाहरुमा रहेका छन् । समूह सदस्य, हुने र ब्यक्ति प्रतिनिधि रहने यो महासंघ हाल ६६ जिल्ला र ७ वटै प्रदेशमा कृयाशिल रहि वडा, पालिका, जिल्ला, प्रदेश संघिय कार्यसमिति निर्माण गरी तहगत सरकारसंग हातेमालो गर्दै अगाडी बढी रहेको छ । राज्यका कृषिसंग सम्बन्धित सकारात्मक नीति कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग एवं साना किसान मैत्री नीति निर्माणमा जोड दिदै कृषि र किसानका विभिन्न सवालहरुमा विगत १३ वर्षदेखि पैरवी गर्दै आईरहेको ब्यहोरा यहाँहरुलाई स्मरण गराउन चाहन्छु ।

७ वटै प्रदेशलाई प्रतिनिधित्व गर्दै करिब ३५० जना किसान प्रतिनिधिहरुको उपस्थितिमा “**सामाजिक सुरक्षा रमर्यादित जीवनका लागि किसानको आवाज”** भन्ने मुल नाराका साथ फाल्गुण ५ र ६ गते महासंघको तेश्रो राष्ट्रिय महाधिबेशन काठमाण्डौमा सम्पन्न भएको छ ।

महाधिबेशनको पूर्वसन्ध्यामा भृकुटीमण्डपबाट प्रभातफेरी ऱ्याली शुरुवात भई प्रज्ञा प्रतिष्ठान कमलादी पुगी उद्घाटन सत्रमा परिणत भएको थियो । महाधिबेशनको उद्घाटन राष्ट्रिय समावेशी आयोगका सदस्य माननीय विष्णुमाया ओझाले गर्नु भएको थियो ।

किसान सत्रमा महासचिब रीता बस्ताकोटीद्धारा प्रस्तत प्रगति प्रतिबेदन, कोषाध्यक्ष गीता भुजेल द्धारा प्रस्तुत आर्थिक प्रतिवेदन छलफल गर्नका साथै सल्लाह एबं सुझावका साथ अनुमोदन गरेको छ । महाधिबेशनको किसान सत्रले आम सहमतिको प्रकृयाबाट ४३ सदस्यिय राष्ट्रिय कार्य समितिको चयन र ३ सदसीय लेखा समिति गठन गरेको छ भने साथै १५ बुँदे काठमाण्डौ घोषणापत्र जारी गरेको छ ।

**क. निर्वाचित कार्य समिति**

**निर्वाचित पदाधिकारीहरु**

| पद | निर्वाचित पदाधिकारीहरु |
|---|---|
| अध्यक्ष | पञ्चकाजी श्रेष्ठ |
| वरिष्ठ उपाध्यक्ष | चित्रनाथ पौडेल |
| उपाध्यक्ष | अनिता बस्नेत, गरिराज शर्मा, बलीराम शाह, कुमारी चौधरी, गणेश प्रसाद पोखरेल, नवीन सिंह मडेल |
| महासचिव | महानन्द सापकोटा |
| सचिव | लक्ष्मी भण्डारी |
| कोषध्यक्ष | गीता भुजेल |

**प्रदेशबाट निर्वाचित सदस्यहरु**

| प्रदेश | महिला | पुरुष |
|---|---|---|
| कोशी | राधा निरौला | विष्णु प्रसाद दुलाल |

| | | |
|---|---|---|
| मधेश | सुजिता देवी | रमेश कुमार शाह |
| वागमती | मिरा शाह | राम प्रसाद गौतम |
| लुम्बनी | शान्ता न्यौपाने खनाल | कुमार शाही |
| गण्डकी | ज्ञानु भण्डारी | ध्रुव प्रसाद खनाल |
| कर्णाली | लिलावती ढकाल | मोती राम अधिकारी |
| सुदुरपश्चिम | रेवन्ती बोहरा | पूर्ण सिं साउद |

**समावेशी क्षेत्रबाट निर्वाचित सदस्यहरु**

| समावेशी क्षेत्र | महिला | पुरुष |
|---|---|---|
| दलित | श्रृजना वि.क. | राम कृष्ण नेपाली |
| आदिवासी जनजाति | लुना थापा<br>पार्वती सारु मगर<br>लक्ष्मी कुमारी चौधरी | कमल बहादुर गुरुङ्ग<br>रवीन्द्र लाल माझी |
| मधेश | कविता देवी महत्तो<br>बबिता देवी पूर्वे | जोगानन्द प्रसाद कलवार |
| थारु | विमला देवी चौधरी | खाली (मनोनयन बाँकी) |
| मुस्लिम | | रसीद खान |

**खुल्ला रुपमा निर्वाचित सदस्यहरु**

| महिला | पुरुष |
|---|---|
| १. रमा ढुंगाना | नारद निरौला |
| २. उषा खत्री | गणेश सापकोटा |
| ३. खाली (मनोनयन बाँकी) | गणेश विष्ट |

**लेखा समिति**

| | |
|---|---|
| संयोजक | सुरेन्द्र गिरी |
| सदस्य | १. दुर्गा प्रशाद भुर्तेल<br>२. खाली (मनोनयन बाँकी) |

ग. **काठमाण्डौ घोषणापत्र -;** राष्ट्रिय महाधिबेशनबाट अनुमोदित बुँदाहरुलाई समाबेश गरी प्रतिबद्धता सहित काठमाण्डौ घोषणा पत्र जारी गरिएको छ ।

१. कृषक समूहरुलाई निकायको रुपमा कर ऐनमा ब्यवस्था गरी वार्षिक रुपमा मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनुपर्ने बाध्यकारी ब्यवस्थाका कारण कृषक समूहहरु राज्यको सेवा सुविधाबाट बंचित बन्न पुगेकाले यस **ब्यवस्था अविलम्ब खारेजि गरी सामाजिक लेखापरिक्षणको आधारमा स्थायी लेखापरिक्षण** उपलब्ध गराउनको लागि जोडदार माग गर्दछौं ।

२.खाद्य अधिकार तथा खाद्य संप्रभुता नियमावली अविलम्ब निर्माण र स्थानीयकरण गर्दै कार्यान्वयन गर्नको लागि जोडदार माग गर्दछौं ।

३. एकिकृत कृषि विकास ऐन निर्माणको लागि महासंघले प्रदेश  र संघिय तहमा गर्दै आएको पैरवीलाई निरन्तर रुपमा अगाडी बढाईनेछ । अविलम्ब कृषि ऐन जारी गर्नको लागि दवावमुलक पैरवी गरिनेछ ।

४. साना किसानलाई केन्द्रमा राख्दै **कृषि समाजवाद, किसानको सम्मानको** लागि महासंघको विधान बमोजिम तहगत संरचनाहरुलाई गतिशिलता प्रदान गर्दै अधिकार प्राप्तिको अभियानमा किसान एकतालाई अफ्र शसक्त रुपमा अगाडी बढाउदै स्थान र भूगोल विशेषका कृषि र किसानका सवाललाई महासंघको तहगत संरचना परिचालन गरि पैरवी गरिनेछ ।

५. कृषि क्षेत्रको बेतिथिको अन्त्य र किसान प्रति जवाफदेहि राज्यको लागि सवालको प्राथमिकिकरण साथै **साझा धारणा विकास गरी संयुक्त किसान अभियानको लागि कृषि र किसानको अधिकारमा** कार्यरत संघ संगठन, संस्था साथै राजनीतिक दलका भात्री संगठनहरु समेतको सहभागितामा संयुक्त किसान  आन्दोलनलाई अगाडि बढाईनेछ ।

६. स्थापना कालदेखि नै महासंघले  पैरवी गर्दै आएको **किसान पहिचान, बर्गीकरण, परिचयपत्र त्यसको आधारमा सामाजिक सुरक्षाको सुनिश्चिततताको** थिति र विधि विकासका केही सकारात्मक नीतिगत उपलब्धि र स्थानीय तहमाबाट शुरु भएको ब्यवहारीक कार्यान्वयनको लागि तहगत संरचना मार्फत थप पैरवी गरिनेछ । साथै प्रकृयाका लागि तहगत सरकारलाई आवश्यक सहजिकरण गरिनेछ ।

७. संघिय संरचनाको मर्म र भावना अनुसार किसानले महशुस गर्ने गरी **वडा तहसम्म कृषि र पशु प्राविधिक सेवा अभिलम्ब ब्यवस्था गराउनको लागि  कृषि ज्ञान केन्द्र र बिज्ञ केन्द्र खारेजी** र वडा तहसम्म कृषि प्रसार सेवा विस्तारका लागि सरकार समक्ष पैरवी गरिनेछ ।

८. भू उपयोग नीतिको प्रभावकारी कार्यन्वयन गरि **खेती योग्य जमिनको संरक्षणको लागि कृषि भूमिमा जमिन राख्ने ब्यक्तिलाई राज्यले उपलब्ध गराउने सामाजिक सुरक्षाको प्याकेजको घोषणा** गरी पेशागत सुरक्षाको सुनिश्चितताको अगुवाई गरिनेछ ।

९. **शताब्दियौ देखि संस्कृतीको रुपमा गरिदै आएको नेपाली कृषि र त्यसको संरक्षकको** रुपमा रहेका किसानले प्रयोग गर्दै आएको पद्धति, (प्रविधि, रैथाने विउ) लाई जगेर्ना गर्दै जलवायु उत्थानशील खेती प्रर्वदन उद्यम उन्मुख खेतिको लागि नीतिगत पैरवी गरिने छ ।

१०. **कृषि विमालाई सरल र सहज बनाउँदै  किसानको उत्पादनको विमाको ब्यवस्था ग्रामिण** किसान तहसम्म पुऱ्याउनको लागि सम्बन्धित निकायहरुमा पैरवी गरिनेछ ।

११. **जंगली जनावरबाट भइरहेको बालीको क्षतीपूर्तिको लागि महासंघले शुरुगरेको अभियानमा सम्मानीत** सर्बोच्च अदालतबाट किसानको पक्षमा भएको फैसला भए बमोजिमको कार्यविधि आएको छ । उक्त कार्यविधि पूर्ण कार्यन्वयनको लागि सरकारलाई दवाव दिईनेछ ।

१२. रैथाने उत्पादन, संरक्षण र प्रवर्दनको लागि स्थानीय बीउ, स्वस्थ माटो, र जैविक उत्पादन प्रवर्द्धन **एवं स्थानीय खाद्य प्रणालीको सवलीकरणका** लागि पैरवी साथै सहकार्य गरिनेछ ।

१३. कृषिलाई औपचारिक क्षेत्रको रुपमा विकास गरि यसलाई नागरिकको खाद्य सुरक्षा एवं सामाजिक सुरक्षासंग जोडिनु पर्दछ । घरधुरी स्तरको **खाद्यान्न उपभोग प्रणाली, सीमान्त, गरिब लगायत सम्पूर्ण समुदायको खाद्य सुरक्षा र स्वच्छताको सुनिश्चितताको** लागि अगुवाई गरिनेछ ।

१४.कृषि र बनमा आधारीत उद्यम प्रबर्धन मार्फत **हरित अर्थव्यवस्थामा रुपान्तरणको लागि जैविक र सांस्कृतिक विविधतालाई** सम्बोधन गरिनु पर्दछ । नेपाली मौलिक उत्पादनलाई प्रभाव (विउ, विषाधि) पार्ने व्यक्ति, संस्था र संगठनको प्रभुत्वलाई निरुत्साहितको लागि पैरवी गरिनेछ ।

१५.स्थानीय ज्ञान**,** सीपको प्रवर्द्धन, स्थानीय समुदायिक बीउ बैंक, खाद्य बैक, खाद्य भकारीको व्यवस्था साथै आपतकालीन अवस्थाको पूर्वतयारी एवं प्रतिकार्य संयन्त्र र स्थानीय स्तरमा अन्य प्राथमिक आवश्यकता प्रबन्ध गर्न स्थानीय सरकार र समुदायलाई सुदृढीकरण बनाउन सहकार्य गरिनेछ ।

१६. किसान अभियानलाई संस्थागत र दिगो रुपमा अगाडी बढाउन राष्ट्रिय तहको किसान घर निर्माण एवं कृषि सूचना केन्द्रको लागि पहल गरिनेछ ।

१७. महासंघको तहगत संरचनामा अभियन्ताहरुको ब्यवस्था र क्षमता विकास गरि क्षमता विकास गरिनेछ र तहगत संरचनामा सूचना प्रवाह गर्ने, सवाल पहिचान गर्ने र सवालको अगुवाई गर्ने कार्यमा परिचालन गरिनेछ । स्थानीय, प्रदेश र संघिय तहमा बन्ने कृषिसंग सम्बन्धित समितिहरुमा तहगत महासंघको संस्थागत प्रतिनिधित्वको लागि आवश्यक पैरवी गरिनेछ ।

१८. महासंघसंग उद्धेश्य मिल्ने, दृष्टिकोण मिल्ने सरकारी एबं गैरसरकारी संघ संस्था, नागरिक समाजहरुसंग साझा उद्धेश्य पुरा गर्नको लागि किसानहरुलाई हक अधिकार प्राप्ति एवं जीविकोपार्जनमा सकारात्मक परिवर्तन ल्याउन सञ्जालीकरण तथा सम्पर्क समन्वय एबं सहकार्य गरि अगाडी बढीने छ ।

१९. महासंघलाई सुशासित, जवाफदेहि र पारादर्शि बनाउनको लागि हालसम्म अपनाईएका प्रकृयाहरुलाई निरन्तरता दिँदै अन्य श्रृजनात्मक अभ्यासहरुको अबलम्बन गरिने छ ।

२०. सशक्त संगठन निर्माण तहगत संरचनाको क्षमता विकास गर्दै सुजबुझका साथ योजनाबद्ध अभियान अगाडि बढाईनेत ।

**(धन्यवाद)**